लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
लमही, दाङ ।

**कार्यपालिका निर्णय बैठक मिति २०७६।०३।०३**

**निर्णय नं. १ :** लमही नगरपालिकाको पाँचौ नगरसभा २०७६ साल असार १० गते बिहान ११: ०० बजे समुद्घाटन गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** नगर बिकास समितिलाई पूर्णता दिने सम्बन्धमा , लमही नगर बिकास समितिको सदस्यको रुपमा लमही नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट वडा नं.४ का वडा अध्यक्ष श्री सुवास न्यौपाने ज्यू, वडा नं. ६ वडा अध्यक्ष श्री गणेशमान चौधरी ज्यू र वडा नं. ७ का वडा अध्यक्ष श्री मोहन गिरी ज्यू लाई सदस्यको रुपमा तोक्ने र स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरि आएका समाजसेविहरु मध्येबाट लमही न.पा. वडा नं. ६ निवासी श्री बिर बहादुर के.सी.ज्यू र लमही न.पा. वडा नं. ५ निवासी श्री गंगा पाण्डे ज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आगामी आ.व. २०७६।०७७ को लागि संघीय तथा ५ नं प्रदेश सरकारवाट प्राप्त बजेट सिलिङ्गको बारेमा सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यूहरुलाई जानकारी गराईयो ।

**निर्णय नं. ४:** लमही नगरपालिका वडा नं. १ को सुन्डवरी, बसन्तपुर हुदै सितलापुर जाने बाटो मर्मत सुधारको कार्य सम्पन्न गर्ने सुन्डवरी खुटी टोल विकास संस्थाले सम्पन्न गरेको उक्तबाटोको लागि खर्च गरिएको ला.इं तथा कार्य सम्पन्न विवरण बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत संकलित निबेदनहरु मध्ये रितपुर्वकका सम्पूर्ण आबेदनहरु लाई सूचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** सार्वजनिक, ऐलानी तथा गुठी जग्गामा निर्मित भवन एवं बसोबासीहरुलाई बिजुली तथा पानीको लागि वडा कार्यालयबाट सिफारिस पत्र दिन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** लमही नगरपालिका वडा नं. ३ मा श्री न्यू राप्ती चिम्नी ईटा उधोग नामाकरण गरि उधोग संचालन अनुमतिका लागि निबेदन पेश भए बमोजिम यस कार्यालयले मिति २०७६।०२।०४ गते दाबि बिरोध गर्न आउने सम्बन्धि १५ दिने सूचना प्रकाशन गरेकोमा उक्त अवधिमा कुनै दावि बिरोध पर्न नआएकोले छानबिन समितिलाई प्रतिबेदन पेश गर्न पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** **निर्माणाधिन** लमही कोइलावास सडकमा, सडक स्तरोन्नतीको लागि आवश्यक पर्ने ३ वटा ह्युम पाईप लमही नगरपालीकाको वजेटवाट व्यवस्था गरी उपलब्ध गराउने

**निर्णय नं. ९ :** चालु आ.व मा नगरपालीकाबाट टेण्डर प्रक्रियाबाट ठेक्कामा लगाईएका योजनाहरु विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकममा स्विकृत हुन गई बचत हुन आएको रकमबाट तत आयोजनाकै बाँकी निर्माणकार्य सार्वजनिक खरिद ऐन, २०६३ को अधिनमा रही ठेकेदार कम्पनीहरुलाई निजहरुको ठेक्काबाट स्विकृत दररेटमा तपशिल बमोजिमका योजनाहरु गर्ने गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

<u>तपसिल</u>

**ठेक्का सम्झौता भई न.पा.को विनियोजित बजेट बाट बचेको रकम रु. २०,९७,५९७।-**

१) रिहार च्याउखोला संडक ग्राभेल रु. ४,६९,८९१.५१।-

२) रिहार च्याउखोला नाली निर्माण रु.३,८६,७७०.१७।-

३) न्यू रोड सडकमा ट्राफिक सेप्रेटर निर्माण रु. ५,००,०००।-

४) न्यू रोड सडक कालोपत्रे रु. ५,००,०००।-

**निर्णय नं. १० :** वडा नं.२, ५ र ६ मा कार्यरत सहायक कम्प्युटर अपरेटरहरुलाई २०७६ साल श्रावण १ गते देखी लागु हुने गरी दैनिक ज्यालादारीमा न्युक्ति गरी कामकाज गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner